# आर्थिक गतिविधि अध्ययन

(काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रबाट प्राप्त तथ्याङ्क, सूचना एवम् स्थलगत अध्ययनमा आधारित)

## अर्ध-वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०७४/७५)


**नेपाल राष्ट्र बैंक**

अनुसन्धान विभाग

आर्थिक विकास शाखा

बालुवाटार, काठमाण्डौ ।


*२०७५ बैशाख*

# अध्ययन प्रतिवेदनको संक्षिप्त परिचय

१. नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले आर्थिक वर्ष २०७०/७१ देखि कार्यान्वयनमा ल्याएको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७०" अनुसार आर्थिक वर्ष २०७४/७५ को प्रथम छ महिनाको आर्थिक गतिविधि समेटी यो प्रतिवेदन तयार गरेको छ ।

२. प्रतिवेदन नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग, आर्थिक विकास शाखा र नेपाल राष्ट्र बैंकका काठमाण्डौ उपत्यका बाहिरका कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) बाट तोकिएका ५७ जिल्लाहरुमा गरिएको स्थलगत सर्वेक्षण र सरोकारवालाहरुसँगको अन्तरक्रियामा आधारित रहेको छ ।

३. प्रतिवेदनमा तोकिएका ५७ जिल्लाहरुको कृषि, उद्योग र सेवा क्षेत्रमा समीक्षा अवधिसम्मको स्थिति तथा आर्थिक वर्षको बाँकी अवधिको परिदृश्य लगायत यी क्षेत्रहरुमा देखिएका चुनौतिहरुको संक्षिप्तमा चर्चा गरिएको छ ।

४. अध्ययनमा समावेश क्षेत्र र जिल्लाहरु देहाय वमोजिम रहेका छन् ।

| **क्षेत्र** | **अध्ययनमा समेटिएका जिल्लाहरू** |
|---|---|
| काठमाडौं | काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा र दोलखा |
| विराटनगर | इलाम, झापा, सुनसरी, मोरङ्ग, धनकुटा, सप्तरी, ताप्लेजुङ्ग, पाँचथर र संखुवासभा |
| जनकपुर | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र उदयपुर |
| वीरगञ्ज | वारा, पर्सा, मकवानपुर, रौतहट र चितवन |
| पोखरा | कास्की, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ, बाग्लुङ, पर्वत, म्याग्दी र मुस्ताङ्ग |
| सिद्धार्थनगर | रूपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, अर्घाखाँची र गुल्मी |
| नेपालगञ्ज | बाँके, बर्दिया, दाङ, सुर्खेत, सल्यान र जुम्ला |
| धनगढी | कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, बैतडी, अछाम र दार्चुला |

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| **सारांश** | | **१-२** |
| **परिच्छेद १ कृषि क्षेत्र** | | **३-७** |
| १.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ३ |
| १.२ | कृषि उत्पादन | ४ |
| १.३ | सिँचाइ सुविधा | ६ |
| १.४ | क्षेत्रगत कृषि कर्जा स्थिति | ६ |
| १.५ | कृषि उत्पादनको परिदृश्य | ६ |
| **परिच्छेद २ औद्योगिक क्षेत्र** | | **८-१०** |
| २.१ | प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन स्थिति | ८ |
| २.२ | क्षेत्रगत औद्योगिक कर्जा स्थिति | ९ |
| २.३ | औद्योगिक उत्पादनको परिदृश्य | १० |
| **परिच्छेद ३ सेवा क्षेत्र** | | **११-१३** |
| ३.१ | पर्यटन उद्योग | ११ |
| ३.२ | घर-जग्गा कारोबार | ११ |
| ३.३ | वित्तीय सेवा | ११ |
| ३.४ | यातायात तथा संचार | १२ |
| ३.५ | सेवा क्षेत्रको परिदृश्य | १३ |
| **परिच्छेद ४ प्रमुख चुनौतीहरु** | | **१४-१६** |
| ४.१ | कृषि क्षेत्र | १४ |
| ४.२ | उद्योग क्षेत्र | १४ |
| ४.३ | सेवा क्षेत्र | १५ |
| ४.४ | पूर्वाधार क्षेत्र | १६ |

# सारांश

१. चालु आर्थिक वर्ष २०७४/७५ मा **मुलुकको समग्र आर्थिक वृद्धिको परिदृष्य सकारात्मक रहने देखिएको छ।** आर्थिक वर्षको सुरुवातमा आएको बाढी तथा डुवानका कारण धानको उत्पादनमा केही कमी आएतापनि कृषि आगतहरुको सहज आपूर्ति तथा बढ्दो व्यवसायीकरणका कारण **समग्र कृषि क्षेत्रको उत्पादन वृद्धिदर सामान्य रहने देखिएको छ।** यसैगरी, यस वर्ष विद्युत आपूर्तिमा सुधार आएको तथा निर्माणजन्य गतिविधिमा विस्तार भएसँगै खानीजन्य उत्पादनमा समेत वृद्धि हुने देखिएकाले औद्योगिक **क्षेत्रको उत्पादन वृद्धिदर सन्तोषप्रद रहने देखिएको छ**। पर्यटक आगमनमा भएको वृद्धि तथा विभिन्न तहका सरकारहरुबाट स्थानीय तहमा भौतिक तथा प्रशासनिक पूर्वाधार लगायत विविध सेवा प्रदान गर्न लाग्ने खर्चमा हुने वृद्धिबाट **सेवा क्षेत्र विस्तार हुने** देखिन्छ।

२. आर्थिक वर्ष २०७४/७५ को पहिलो छ महिनामा **कृषि क्षेत्रको समग्र अवस्था सकारात्मक देखिएको छ**। आर्थिक गतिविधि अध्ययनमा समेटिएका ५७ जिल्लाहरुको खासगरी कृषि उपजले ढाकेको समग्र भू-क्षेत्रमा बढोत्तरी आएको छ। यस अवधिमा प्रमुख खाद्यान्न बालीहरुमध्ये **मकैको उत्पादन ४.५ प्रतिशत तथा आलुको उत्पादनमा ५.५ प्रतिशतले वृद्धि भएको छ** भने **धानको उत्पादनमा भने १.५ प्रतिशतले कमी** आएको छ। **तरकारीको उत्पादनमा ६.८ प्रतिशतले वृद्धि भएको छ**। यस अवधिमा अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित **कृषि कर्जा ७.८ प्रतिशतले वृद्धि भएको छ**।

३. आर्थिक वर्ष २०७४/७५ को पहिलो छ महिनामा उद्योगको उत्पादन क्षमता सीमान्त रुपले बढेको छ। समीक्षा अवधिमा अध्ययनमा समेटिएका **उद्योगहरुले कुल उत्पादन क्षमताको औसतमा ५८.० प्रतिशत उपयोग गरेका छन्**। अघिल्लो वर्षको यसै अवधिमा औद्योगिक उत्पादन क्षमताको उपयोग ५४.२ प्रतिशत रहेको थियो। औद्योगिक उत्पादनमध्ये वनस्पति घिउ तथा तेल, पेय पदार्थ, तयारी कपडा र औषधिको उत्पादनमा वृद्धि भएको छ। यसैगरी, चिरेको काठ, फलामको छड तथा पत्ति, ईटा, सिमेन्ट तथा बिजुली तार र केवलको उत्पादनमा वृद्धि भएको छ भने प्रशोधित दूध, अन्न तथा पशुदाना, अन्य खाद्य पदार्थ, धागो, प्रशोधित छाला र अखबारी कागजको उत्पादनमा ह्रास आएको छ। समीक्षा अवधिमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको समग्र **औद्योगिक कर्जा ११.९ प्रतिशतले वृद्धि भएको छ**।

४. आर्थिक वर्ष २०७४/७५ को **पहिलो छ महिनामा घर जग्गा कारोबारको संख्या र सोको राजश्वमा उल्लेख्य कमी** आएको छ। **घर-जग्गा रजिष्ट्रेशन संख्या २०.५ प्रतिशत** तथा **रजिष्ट्रेशन वापतको राजस्व संकलन २१.५ प्रतिशतले घटेको** छ।

५. आर्थिक वर्ष २०७४/७५ को पहिलो छ महिनामा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप तथा कर्जामा वृद्धि देखिएको छ। **वित्तीय साधनको वितरण अझैपनि राजधानी केन्द्रीत रहेको छ**। अध्ययनमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुको समीक्षा अवधिमा **निक्षेप परिचालन ७.१ प्रतिशतले वृद्धि** भएको छ भने **कुल कर्जा प्रवाह ८.२ प्रतिशतले वृद्धि भएको** छ। गत वर्षको सोही अवधिको अन्तमा ८२.८ प्रतिशत रहेको **कर्जा/निक्षेप अनुपातमा वृद्धि भई समीक्षा अवधिमा ८६.३ प्रतिशत रहेको** छ। बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको **कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६९.३ प्रतिशत रहेको छ भने कुल कर्जामा यस क्षेत्रको अंश ५१.८ प्रतिशत रहेको** छ।

६. समीक्षा अवधिमा सेवा क्षेत्रतर्फ यातायात तथा सञ्चार क्षेत्रको विस्तार उल्लेख्य रहेको छ । **सवारी साधनको दर्ता १२.८ प्रतिशतले वृद्धि भएको** छ । त्यसैगरी, संचार क्षेत्र अन्तर्गत नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाइल (सिडिएमए समेत) **तथा ल्याण्ड लाइन टेलिफोनको संख्यामा ११.७ प्रतिशतले वृद्धि भएको छ भने कुल वितरित इन्टरनेट सेवामा १६.० प्रतिशत वृद्धि भएको** छ ।

७. मुलुकको समग्र आर्थिक परिदृष्य सकारात्मक रहेता पनि कृषि, उद्योग र सेवा क्षेत्रमा अझै चुनौतीहरु विद्यमान रहेका छन् । कृषि क्षेत्रमा खासगरी **सिँचाइ सुविधाको अभाव, जमीनको अनावश्यक खण्डिकरण, कृषि प्रसार तथा प्राविधिक सेवाको अपर्याप्तता, उन्नत जातका बीउ-बिजन तथा गुणस्तरीय रासायनिक मलको अभाव तथा कृषि कार्यका लागि सहज कर्जाको अभाव, बजार पहुँच जस्ता समस्याहरु रहेका छन् ।** उद्योग क्षेत्र तर्फ **ऊर्जा संकटको दीर्घकालीन समाधान, औद्योगिक पूर्वाधारको विकास तथा लगानीमैत्री वातावरणको सृजना गरी स्वदेशी तथा विदेशी लगानी आकर्षित** गर्नु चुनौतिपूर्ण रहेको छ । त्यसैगरी, **वित्तीय सेवाको पहुँचमा अभिवृद्धि, वित्तीय साक्षरता अभियान, तथा पर्यटकीय पूर्वाधारको विकास** लगायतका कार्यहरु चुनौतिपूर्ण रहेका छन् ।

# परिच्छेद १

# कृषि क्षेत्र

**१.१. कृषि उपजले ढाकेको भू-क्षेत्र :** आर्थिक वर्ष २०७४/७५ को पहिलो ६ महिनामा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफलमा १.४ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको यसै अवधिमा यस्तो क्षेत्रफल ३.२ प्रतिशतले बढेको थियो ।

**(क) खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा ०.९ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्तो बालीले ढाकेको क्षेत्रफल ३.४ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा धान, मकै, आलु, तथा भटमास बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने कोदो, जौ, फापर, उखु, सनपाट, सुर्ती, दलहन तथा तेलहन बालीले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ ।

**चार्ट १ : प्रमुख खाद्यान्न बालीहरुले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




**(ख) तरकारी तथा बागवानी :** समीक्षा अवधिमा तरकारी वालीले ढाकेको क्षेत्रफल ५.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा उक्त बालीले ढाकेको क्षेत्रफलमा ०.९ प्रतिशतले बढेको थियो ।

**(ग) फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा ५.२ प्रतिशतले वृद्धि भएको छ । यस किसिमका बालीले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिमा २.४ प्रतिशतले वृद्धि भएको थियो ।

**क्षेत्रगत स्थिति :** समीक्षा अवधिमा अध्ययन क्षेत्रका आधारमा कृषि उपजले ढाकेको भू-क्षेत्रमध्ये खाद्य तथा अन्य बालीले ढाकेको जनकपुर र नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ । तरकारी वालीले ढाकेको क्षेत्रफल धनगढी क्षेत्रमा ह्रास आएको छ भने बाँकी अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल विराटनगर र धनगढी क्षेत्रमा घटेको छ भने अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

**१.२ कृषि उत्पादन :** समीक्षा अवधिमा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) को कुल उत्पादन १.२ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीहरुको उत्पादन ८.३ प्रतिशतले बढेको थियो ।

**(क) खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा प्रमुख खाद्य बालीहरु मध्ये मकैको उत्पादन ४.५ प्रतिशत, जौको उत्पादन ०.१ प्रतिशत र आलुको उत्पादन ५.५ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, भटमासको उत्पादन २.८ प्रतिशत, दलहनको उत्पादन १.२ प्रतिशत र तेलहनको उत्पादन १.१ प्रतिशतले वृद्धि भएको छ भने धानको उत्पादन १.५ प्रतिशत, कोदोको उत्पादन ३.३ प्रतिशत, फापरको उत्पादन २.४ प्रतिशत र उखुको उत्पादन ३.३ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा उक्त बालीहरुमध्ये धानको उत्पादन २०.५ प्रतिशत, मकैको उत्पादन १.६ प्रतिशत, जौको उत्पादन ३.९ प्रतिशत र फापरको उत्पादन ३.७ प्रतिशतले बढेको थियो । यसैगरी, आलुको उत्पादन ३.३ प्रतिशत, उखुको उत्पादन ३.६ प्रतिशत, भटमासको उत्पादन १.९ प्रतिशतले बढेको थियो भने कोदोको उत्पादन १.८ प्रतिशत, सुर्तीको उत्पादन ५५.० प्रतिशतले घटेको थियो । दलहनको उत्पादन ३.४ प्रतिशत र तेलहनको उत्पादन ०.८ प्रतिशतले घटेको थियो । गत वर्षको यसै अवधिमा १३.९ प्रतिशतले घटेको सनपाटको उत्पादन समीक्षा अवधिमा पनि ०.७ प्रतिशतले घटेको छ ।

कृषिका लागि आवश्यक रासायनिक मल, उन्नत बीउ-बिजन र किटनासक औषधिको सहज उपलब्धता एवम् कृषक समूहले साना तथा मझौला आधुनिक कृषि यन्त्रको उपयोग बढाउनु, साना तथा मझौला सिँचाइ आयोजनाहरु सम्पन्न हुँदै जानु एवम् विभिन्न जिल्लाहरुमा सञ्चालनमा रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सकारात्मक प्रभाव लगायतका कारण समग्र कृषि उत्पादनमा वृद्धि हुन गएको छ ।

भौगोलिक क्षेत्रको आधारमा तुलना गर्दा समीक्षा अवधिमा अध्ययनले समेटेका क्षेत्रहरुमध्ये जनकपुर क्षेत्रमा खाद्य तथा अन्य बालीको उत्पादनमा ह्रास आएको छ भने बाँकी सबै क्षेत्रमा यी बालीको उत्पादनमा वृद्धि भएको छ । यस्ता बालीको उत्पादन नेपालगञ्ज क्षेत्रमा सबैभन्दा बढी अर्थात् ३.१ प्रतिशतले वृद्धि भएको छ भने विराटनगर क्षेत्रमा सबैभन्दा कम अर्थात् १.१ प्रतिशत मात्र वृद्धि भएको देखिन्छ ।

**चार्ट २ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (हजार मे.टनमा)**



(ख) **तरकारी** : समीक्षा अवधिमा तरकारीको उत्पादनमा ६.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यसै अवधिमा पनि तरकारीको उत्पादन ३.२ प्रतिशतले बढेको थियो ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा तरकारीको उत्पादन धनगढी क्षेत्रमा ह्रास भएको छ भने बाँकी अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ । तुलनात्मक रुपमा तरकारीको उत्पादन जनकपुर क्षेत्रमा सबैभन्दा बढी २२.३ प्रतिशतले वृद्धि भएको छ ।

(ग) **फलफूल तथा मसला** : समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन २.७ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादनमा ५.० प्रतिशतले वृद्धि भएको थियो । यस समूह अन्तर्गत केराको उत्पादन ११.६ प्रतिशत, स्याउको उत्पादन ५.४ प्रतिशत, अन्य फलफूलको उत्पादन ११.४ प्रतिशत र कफिको उत्पादन ९.६ प्रतिशतले वृद्धि भएको छ भने सुन्तलाको उत्पादन ६.६ प्रतिशत र आँपको उत्पादन ९.३ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा सुन्तला, स्याउ र अन्य फलफूलको उत्पादनमा ह्रास आएको थियो भने आँप, केरा र मसलाको उत्पादनमा वृद्धि भएको थियो ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन सिद्धार्थनगर र धनगढी क्षेत्रमा घटेको छ भने बाँकी सबै क्षेत्रमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका २ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

(घ) **प्रमुख पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन** : गत वर्ष पहिलो ६ महिनामा ५.९ प्रतिशतले वृद्धि भएको दूधको उत्पादन समीक्षा अवधिमा पनि ५.८ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा मासु उत्पादन ५.१ प्रतिशत र अण्डाको उत्पादन १३.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा मासुको उत्पादन ४.४ प्रतिशतले र अण्डाको उत्पादन १०.९ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा मासुजन्य उत्पादनतर्फ भैंसी/राँगोको मासु उत्पादन ४.५ प्रतिशत, खसी/बोका/भेडाको मासु उत्पादन २.१ प्रतिशत, सुंगुर/बंगुरको मासु उत्पादन ३.६ प्रतिशत र कुखुरा तथा हाँसको मासु उत्पादन ११.० प्रतिशतले वृद्धि भएको छ । गत वर्षको यसै अवधिमा उक्त उत्पादनहरुमा खसी/बोका/भेडाको मासु उत्पादन ०.३ प्रतिशतले घटेको थियो भने भैसी/राँगोको मासु ५.४ प्रतिशत, सुंगुर/बंगुरको मासु उत्पादन २.८ प्रतिशत र कुखुरा तथा हाँसको मासु उत्पादन १०.१ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा अवधिमा माछाको उत्पादन १.२ प्रतिशतले ह्रास आएको छ । गत वर्ष सोही अवधिमा माछाको उत्पादन ९.३ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठको उत्पादन १८.८ प्रतिशतले वृद्धि भएको छ भने दाउराको उत्पादन, औषधिजन्य उत्पादन र अन्य उत्पादन क्रमशः २०.१ प्रतिशत, ६२.४ प्रतिशत र ५५.६ प्रतिशतले घटेको छ ।

समीक्षा अवधिमा दूधको उत्पादन नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, मासुको उत्पादन जनकपुर र धनगढी क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । अण्डाको उत्पादन जनकपुर, सिद्धार्थनगर र नेपालगञ्ज क्षेत्रमा घटेको छ भने बाँकी सबै क्षेत्रहरुमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ३ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

**१.३ सिँचाइ सुविधा :** समीक्षा अवधिमा अध्ययनमा समेटिएका ५७ जिल्लाहरुको कुल सिंचित क्षेत्रफल ३.० प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा सिंचित क्षेत्रफलमा २.० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल खेती गरिएको भूभागमध्ये ४५.१ प्रतिशत क्षेत्रफल सिंचित रहेको देखिन्छ । कुल सिंचित क्षेत्रफलमध्ये ४३.२ प्रतिशत कुलो, ४६.४ प्रतिशत नहर, १.१ प्रतिशत पोखरी तथा ९.३ प्रतिशत बोरिङ्गबाट सिँचाइ भएको देखिन्छ ।



चार्ट ३ : सिंचाइ सुविधामा भएको विस्तार (हजार हेक्टरमा)

अध्ययन क्षेत्र अनुसार समीक्षा अवधिमा सबै क्षेत्रहरुमा सिँचाइ सुविधामा विस्तार भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ४ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

**१.४ क्षेत्रगत कृषि कर्जा स्थिति :** समीक्षा अवधिमा अध्ययन क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कृषि कर्जा ७.८ प्रतिशतले वृद्धि भई रु. ९७ अर्ब ४९ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ९.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा ३४.० प्रतिशत अर्थात् रु. ३३ अर्ब १६ करोड प्रवाह भएको छ भने सबैभन्दा न्यून सूर्ति बालीमा ०.१ प्रतिशत अर्थात् रु. ७ करोड प्रवाह भएको देखिएको छ । समीक्षा अवधिमा प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रमा गएको कर्जाको अंश ४.६ प्रतिशत रहेको छ ।

कृषि क्षेत्रमा प्रवाहित कुल कर्जालाई क्षेत्रगत रुपमा तुलना गर्दा काठमाण्डौ क्षेत्रको अंश २०.६ प्रतिशत, विराटनगर क्षेत्रको १६.७ प्रतिशत, जनकपुर क्षेत्रको ७.३ प्रतिशत, वीरगञ्ज क्षेत्रको २२.५ प्रतिशत, पोखरा क्षेत्रको ९.८ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको ११.७ प्रतिशत, नेपालगञ्ज क्षेत्रको ६.७ प्रतिशत तथा धनगढी क्षेत्रको अंश ४.५ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ५ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## १.५ कृषि उत्पादनको परिदृश्य (Outlook)

(क) नेपालको कृषि क्षेत्रको उत्पादन चालू आर्थिक वर्ष २०७४/७५ मा खासगरी धानको रोपाई सकिएपछि आएको बाढीले तराईका जिल्लाहरु डुबानमा पारेकोले मुख्यतया धानको उत्पादनमा कमी आएको र हिउँदको समयमा पनि पर्याप्त वर्षा नभएको कारण हिउँदे बालीको उत्पादन अपेक्षाकृत वृद्धि नहुने अनुमान गरिएको छ ।

(ख) वर्षे तथा हिउँदे बालीको तुलनामा अधिक प्रतिफल प्राप्त हुने र वैदेशिक रोजगारीबाट फर्केका युवाहरुले सिकेको सिप तथा सरकारीस्तरबाट अगाडी सारिएको युवालक्षित कार्यक्रमबाट कृषकहरु

तरकारी तथा फलफूल खेतीमा आकर्षित हुँदै गएकोले र यस वर्ष यी समूहका बालीको उत्पादनमा वृद्धि हुने अनुमान रहेको छ ।

(ग) पशु वीमा कार्यक्रम तथा नश्ल सुधार, गोठ सुधार, घाँसको वीउ वितरण र पाठापाठी वितरण लगायतका विभिन्न अनुदानका Mission कार्यक्रम एवम् स्थानीयस्तरमा प्राविधिक सेवाको विस्तारबाट व्यवसायिक पशुपालन कार्यक्रमको प्रभावकारितासँगै आर्थिक गतिविधिमा अग्रणी रहेका जिल्लाहरु दुध तथा मासुजन्य उत्पादनमा आत्मनिर्भर बन्दै गएबाट समग्र दूध तथा मासुजन्य उत्पादनमा वृद्धि हुनजाने देखिन्छ । त्यसैगरी, माछाको मागमा आएको वृद्धिले मत्स्यपालन गर्ने कृषकहरुको यो व्यवसायमा बढ्दो आकर्षण र सरकारले ल्याएको मत्स्यपालन व्यवसायको प्रवर्द्धनका लागि Fish Mission कार्यक्रम समेत प्रभावकारी बन्दै गएको कारणबाट माछाको उत्पादनमा थप विस्तार हुने देखिन्छ ।

# परिच्छेद २
# औद्योगिक क्षेत्र

## २.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन स्थिति

(क) समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका उद्योगहरुको औसत क्षमता उपयोग ५८.० प्रतिशत रहेको छ । गत वर्षको यसै अवधिमा उद्योगहरुको औसत क्षमता उपयोग ५४.२ प्रतिशत रहेको थियो । यस अवधिमा हल्का पेय पदार्थ र पश्मिना उद्योगले पूर्ण क्षमता उपयोग गरेको देखिएको छ भने चिनी उद्योगको क्षमता उपयोग सबैभन्दा कम अर्थात् २०.६ प्रतिशत मात्र रहेको देखिएको छ। समीक्षा अवधिमा विद्युत आपूर्तिमा आएको सुधार तथा हालै देशमा सम्पन्न तीन तहको सफल निर्वाचन पश्चात् विभिन्न तहमा सरकार निर्माण भएबाट मुलुक स्थिरतातर्फ गएको र पुनर्निमाण कार्यमा आएको तिव्रताले उद्योग क्षेत्रमा सकारात्मक प्रभाव पर्न गएकोले समग्र उद्योगहरुको क्षमता उपयोग गत वर्षको यसै अवधि भन्दा बढ्न गएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ६ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ।

(ख) समीक्षा अवधिमा अध्ययनले समेटेका उद्योगहरुमध्ये वनस्पति घिउ तथा तेल, पेय पदार्थ, तयारी कपडा र पश्मिनाको उत्पादनमा वृद्धि भएको छ । यसैगरी, औषधि, फलामको छड तथा पत्ति, सिमेन्ट, ईटा, चिरेको काठ र विजुलीको तार र केवुलको उत्पादनमा समेत वृद्धि भएको छ भने प्रशोधित दूध, अन्न तथा पशुदाना समूह, अन्य खाद्य पदार्थ समूह र प्रशोधित छालाको उत्पादनमा ह्रास आएको छ । यसैगरी, धागो, कागज, रोजिन, जुत्ता र प्लाष्टिकजन्य उत्पादनमा समेत ह्रास आएको छ।

(ग) समीक्षा अवधिमा वनस्पति घिउ तथा तेल समूहको उत्पादन १३.८ प्रतिशत, पेय पदार्थ समूहको उत्पादन ६४.५ प्रतिशत र तयारी कपडाको उत्पादन ८.८ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, चिरेको काठको उत्पादन ३०.१ प्रतिशत, फलामको छड तथा पत्तिको उत्पादन १४.५ प्रतिशत, सिमेन्टको उत्पादन २२.५ प्रतिशतले, ईटाको उत्पादन १३२.२ प्रतिशतले र पश्मिनाको उत्पादन २०६.७ प्रतिशतले बढेको छ भने अन्न तथा पशुदाना समुहको उत्पादन १४.६ प्रतिशत, अन्य खाद्य पदार्थ समूहको उत्पादन ७.२ प्रतिशतले र कागजको उत्पादन २४.९ प्रतिशतले ह्रास आएको छ । यस्तै, पेय पदार्थ समूह अन्तर्गत मदिराको उत्पादन २६.७ प्रतिशत, प्रशोधित छालाको उत्पादन ६९.१ प्रतिशत, धागोको उत्पादन १३.७ प्रतिशत प्रशोधित दूधको उत्पादन १३.३ प्रतिशत र जुत्ताको उत्पादनमा ४०.९ प्रतिशतले ह्रास आएको छ भने टायर तथा ट्युव उद्योगको उत्पादन बन्द भएको छ।

(घ) क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा मुख्यत: प्रशोधित दूध, पस्मिना, चाउचाउ, औषधिजन्य उत्पादन, जुत्ता आदिको उत्पादन हुने गरेको छ। विराटनगर क्षेत्रमा वनस्पती घिउ तथा तेल, खाद्य पदार्थ, जुटका सामान, धातुका उपकरण, सिमेन्ट आदिको उत्पादन प्रमुख रहेको छ भने जनकपुर क्षेत्रमा चिनी, मदिरा, कागज, सिमेन्ट आदिको उत्पादन हुने गरेको छ। त्यसैगरी, वीरगञ्ज क्षेत्रमा वनस्पति घिउ तथा तेल, प्रशोधित दूध, पशुदाना, हल्का पेय पदार्थ, चुरोट, छाला, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी, फलामको छड तथा पत्ति आदि, पोखरा क्षेत्रमा विस्कुट, चाउचाउ, रवरजन्य वस्तु आदि, सिद्धार्थनगर क्षेत्रमा गहुँको पिठो, वियर, औषधि, सिमेन्ट आदि, नेपालगञ्ज क्षेत्रमा तोरीको तेल, गहुँको पिठो, सिमेन्ट आदि तथा धनगढी क्षेत्रमा गहुंको पिठो, चिरेको काठ, रोजिन लगायतका वस्तुहरुको उत्पादन हुने गरेको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ७ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## २.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

(क) समीक्षा अवधिमा अध्ययनमा समावेश भएका क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ११.९ प्रतिशतले वृद्धि भई रु. ७ खर्ब १ अर्ब ८४ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १४.३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा प्रवाहित कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश ३३.४ प्रतिशत रहेको छ ।

(ख) समीक्षा अवधिमा कुल औद्योगिक कर्जामध्ये सबैभन्दा बढी खानी सम्बन्धी उद्योगमा ४६.६ प्रतिशतले वृद्धि भएको छ भने सबैभन्दा कम निर्माण क्षेत्रमा ७.४ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ४४.५ प्रतिशत, विद्युत, ग्याँस र पानी सम्बन्धी उद्योगमा १३.८ प्रतिशत, उत्पादन सम्बन्धी उद्योगमा ११.८ प्रतिशत र पर्यटन उद्योग/ सेवा सम्बन्धी उद्योगमा ९.८ प्रतिशतले कर्जा प्रवाहमा विस्तार भएको छ ।




(ग) यसरी प्रवाहित कुल औद्योगिक कर्जा मध्ये उत्पादनमूलक क्षेत्रको अंश सबैभन्दा बढी अर्थात् ४४.८ प्रतिशत रहेको छ भने खानी सम्वन्धी उद्योगको सबैभन्दा न्यून अर्थात् ०.७ प्रतिशत रहेको छ । त्यसैगरी, निर्माण सम्बन्धी उद्योगमा कुल औद्योगिक कर्जाको ३०.३ प्रतिशत, पर्यटन उद्योगमा ९.६ प्रतिशत, विद्युत, ग्याँस तथा पानीमा ९.३ प्रतिशत एवम् धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ५.२ प्रतिशत अंश रहेको छ ।

(घ) अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको कुल औद्योगिक कर्जा लगानीमा काठमाण्डौ क्षेत्रको अंश ५८.३ प्रतिशत, विराटनगर क्षेत्रको अंश ११.५ प्रतिशत, जनकपुर क्षेत्रको अंश १.८ प्रतिशत, वीरगञ्ज क्षेत्रको अंश ९.७ प्रतिशत, पोखरा क्षेत्रको अंश ६.६ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको अंश ६.८ प्रतिशत, नेपालगञ्ज क्षेत्रको अंश ३.२ प्रतिशत र धनगढी क्षेत्रको अंश २.० प्रतिशत रहेको छ । एकातिर अधिकांश बैंक तथा वित्तीय संस्थाहरुको केन्द्रीय कार्यालय काठमाण्डौमा रहेको र ठूलो आकारको कर्जा स्वीकृतिको अधिकार पनि केन्द्रीय कार्यालयमा रहने र अर्कोतर्फ काठमाण्डौबाट ऋण स्वीकृति गराएर अन्यत्र लगानी गर्ने प्रवृत्तिको कारणले पनि काठमाण्डौमा औद्योगिक कर्जा प्रवाहको अनुपात उच्च देखिएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## २.३ औद्योगिक उत्पादनको परिदृश्य (Outlook)

(क) चालु आर्थिक वर्षमा मकै, भटमास, दलहन तथा तेलहन बालीको उत्पादनमा वृद्धि भएकोले कृषि उत्पादन कच्चा पदार्थमा आधारित उद्योगहरुको क्षमता उपयोगमा वृद्धि हुनगई घिउ तथा तेल र अन्न तथा पशुदाना जस्ता खाद्य वस्तुहरुको उत्पादनमा सकारात्मक असर पर्ने देखिन्छ भने **चिनी उद्योगले उखु किसानलाई विगत वर्षको मूल्य भुक्तान गर्न बाँकी राख्ने कारणबाट उखु किसान र उद्योगी बीच असमझदारी रहने गरेको, उखुको मूल्य निर्धारण समयमा हुने नगरेको जस्ता कारणबाट उखु किसानहरुको यस खेतीतर्फ रुचि घट्दै गएकोले उखुको खेतीमा कमी आई उत्पादन समेत घट्न गएकोले** चिनीको उत्पादनमा भने नकारात्मक असर पर्न जाने देखिन्छ । चाउचाउ तथा हल्का पेय पदार्थजन्य बस्तुहरुको आन्तरिक तथा बाह्य बजार मागमा विस्तार हुँदै गएको कारण यी वस्तु उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोगमा वृद्धि हुनगई उत्पादनमा समेत सकारात्मक प्रभाव पर्न जाने देखिन्छ ।

(ख) भूकम्पले क्षति पुऱ्याएको भौतिक संरचनाहरुको पुनर्निर्माणले गति लिएको तथा देशमा हालै सम्पन्न तीन तहको निर्वाचन पश्चात् स्थानीय तथा प्रदेश सरकारहरुले नवनिर्माणको कार्य अघि बढाउने सम्भावना रहेको सन्दर्भमा सिमेन्ट, ईटा, फलामको छड तथा पत्ति, बिजुलीको तार लगायत निर्माण सामग्री उत्पादन गर्ने उद्योगहरुको उत्पादन वृद्धि हुने सम्भावना देखिएको छ ।

(ग) विद्युत आपूर्तिमा आएको सुधार, औद्योगिक कर्जामा भएको विस्तार तथा देशमा हालै सम्पन्न तीन तहको निर्वाचन पछि राजनीतिक स्थिरताको संकेत देखा परेकोबाट उद्योगी व्यवसायीहरु उत्साहित भएको एवम् संशोधित श्रम ऐन तथा स्वदेशी तथा विदेशी लगानी वृद्धिका लागि आयोजित अन्तराष्ट्रिय सम्मेलनहरुमा सहभागीहरुबाट देखिएको उत्साह समेतलाई दृष्टिगत गर्दा औद्योगिक उत्पादन वृद्धि हुन जाने देखिन्छ ।

(घ) समीक्षा अवधिमा उद्योगहरुको उत्पादन स्थिति, क्षमता उपयोग र उद्योगीहरुसँगको अन्तरक्रियाको आधारमा हेर्दा यस वर्ष समग्र औद्योगिक उत्पादनको अवस्था सकारात्मक रहने देखिएको छ ।

## परिच्छेद ३

# सेवा क्षेत्र

### ३.१ पर्यटन उद्योग

समीक्षा अवधिमा अध्ययनमा समेटिएका जिल्लाहरुमा पर्यटक स्तरीय होटल तथा लजको संख्या ७.८ प्रतिशतले वृद्धि भई २ हजार ६ सय ११ पुगेको छ भने होटल शैया संख्या ६.० प्रतिशतले बढ्न गई ७८ हजार २ सय ७९ पुगेको छ। समीक्षा अवधिमा पर्यटक आगमन संख्यामा १९.१ प्रतिशतले वृद्धि भई ४ लाख १६ हजार ३८ बाट बढेर ४ लाख ९५ हजार ५ साय ५२ पुगेको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ९ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ।

### ३.२ घर-जग्गा कारोबार

(क) समीक्षा अवधिमा समग्र घर-जग्गा रजिष्ट्रेशन संख्यामा २०.५ प्रतिशतले ह्रास आएको छ। गत वर्षको सोही अवधिमा सो संख्यामा ६०.७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलनमा २१.५ प्रतिशतले कमी आई रु. ७ अर्ब ९४ करोड कायम हुन आएको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलनमा ११०.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या ३६.६ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा घर/भवन नक्सा पास ९६.९ प्रतिशतले बढेको थियो।

देशमा सम्पन्न भएका तीन तहका निर्वाचन पश्चात् स्थानीय तहमा सरकारको अनुभूति हुने गरी संविधान प्रद्दत्त अधिकारबाट स्थानीयस्तरमा नै सरकारी सेवा सुविधा प्रवाह हुने कारणबाट ग्रामीण इलाकाबाट मानिसहरु शहरी क्षेत्रमा आउने क्रम रोकिन गएको एवम् नेपाल राष्ट्र बैंकले आफ्नो मौद्रिक नीति तथा निर्देशनहरुबाट बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने घरजग्गा सम्बन्धी कर्जामा कडाई गरेको र विप्रेषणको आप्रवाहमा कमी आएको कारण समीक्षा अवधिमा यस किसिमको कारोबार संख्या र सो वापतको राजश्वमा कमी हुन गएको हो।

(ख) समीक्षा अवधिमा घर-जग्गा रजिष्ट्रेशन संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा पोखरा र विराटनगर क्षेत्रमा सामान्य वृद्धि भएको छ भने बाँकी सबै क्षेत्रमा ह्रास आएको छ । त्यसैगरी, घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन विराटनगर क्षेत्रमा वृद्धि भएको छ भने अन्य सबै क्षेत्रमा घटेको छ । समीक्षा अवधिमा घर/भवन नक्शा पास संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा विराटनगर, नेपालगञ्ज र धनगढी क्षेत्रमा घटेको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १० (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ।

### ३.३ वित्तीय सेवा

(क) अध्ययन क्षेत्रमा समेटिएका ५७ जिल्लामा वाणिज्य बैंकका २३२९, विकास बैंकका ८१७, वित्त कम्पनीका १६७ तथा लघुवित्त विकास बैंकका १९४६ गरी जम्मा ५२५९ शाखाहरु सञ्चालनमा रहेका छन् । यसमध्ये काठमाण्डौ क्षेत्रमा सबैभन्दा बढी अर्थात् ११८९ तथा धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् ३४३ शाखाहरु सञ्चालनमा रहेका छन् ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ११ मा दिइएको छ।

(ख) समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप ७.१ प्रतिशतले वृद्धि भई रु. २४ खर्ब ३५ अर्ब १४ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ११.३ प्रतिशतले

वृद्धि भएको थियो । नेपाल सरकार र नेपाल राष्ट्र बैंकले सञ्चालन गरेको वित्तीय साक्षरता अभियानको प्रतिफल स्वरुप सर्वसाधारणहरुमा भएको वित्तीय साक्षरता अभिवृद्धि, बैकिङ्ग प्रणालीबाट रेमिट्यान्सको आप्रवाह तथा अध्ययन क्षेत्रभित्र बैंकिङ्ग सेवामा भएको विस्तार लगायतका कारणहरुले निक्षेप सङ्कलनमा वृद्धि भएको हो ।

**चार्ट : ५ समग्र निक्षेप तथा कर्जा लगानी स्थिति (रु.अर्बमा)**




(ग) समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा ८.२ प्रतिशतले वृद्धि भई रु. २१ खर्व २ अर्ब ३७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा प्रवाहमा १३.५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिको अन्तमा कर्जा निक्षेप अनुपात ८६.३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८२.८ प्रतिशत रहेको थियो ।

(घ) समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६९.३ प्रतिशत रहेको छ भने काठमाण्डौ उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश पोखरा क्षेत्रको ६.९ प्रतिशत तथा सबैभन्दा कम अंश धनगढी क्षेत्रको १.७ प्रतिशत रहेको छ । अध्ययनमा समेटिएका क्षेत्रको तथ्यांङ्कमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश ५१.८ प्रतिशत रहेको छ भने काठमाण्डौ उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश विराटनगर क्षेत्रको १२.० प्रतिशत तथा सबैभन्दा कम धनगढी क्षेत्रको अंश ३.२ प्रतिशत रहेको छ ।

निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण तालिका १२ मा प्रस्तुत गरिएको छ ।

## ३.४ यातायात तथा संचार

(क) समीक्षा अवधिमा अध्ययन क्षेत्र अर्न्तगत रहेका अञ्चल यातायात कार्यालयहरुबाट प्राप्त तथ्याङ्कको आधारमा दर्ता भएका कुल सवारी साधन संख्यामा अघिल्लो वर्षको तुलनामा १२.७ प्रतिशतले वृद्धि भएको देखिन्छ, जसमध्ये मोटरसाईकलको संख्या १२.७ प्रतिशत तथा अन्य सवारी साधनको संख्या १३.० प्रतिशतले बढेको छ ।

यस सम्बन्धी विवरण तालिका १८ मा दिइएको छ ।

(ख) नेपालमा समीक्षा अवधिमा नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाइल (सिडिएमए समेत) तथा ल्याण्ड लाइन टेलिफोनको संख्यामा ११.७ प्रतिशतले वृद्धि भई ३ करोड ७७ लाख ८७ हजार ८ सय ८३ पुगेको छ भने कुल वितरित ईन्टरनेट सेवा १६.० प्रतिशतले वृद्धि भई १ करोड ६९ लाख ६ हजार ८ सय ६९ पुगेको छ ।

यस सम्बन्धी विवरण तालिका २१ मा प्रस्तुत गरिएको छ ।

## ३.५ सेवा क्षेत्रको परिदृश्य (Outlook)

(क) पर्यटन क्षेत्रलाई आर्थिक वृद्धिको महत्वपूर्ण स्रोत बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा गरिएको प्रचार प्रसार र यस वर्ष सम्पन्न भएको तीनै तहको निर्वाचनबाट नेपालको सबैक्षेत्रमा स्थिरताको संकेत देखा परेको र स्थानीय तथा प्रदेश सरकारहरुले आ-आफ्नो क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गर्न ल्याएका पर्यटन सम्बन्धी विभिन्न प्रचारात्मक कार्यक्रम एवम् महोत्सवले पारेको सकारात्मक प्रभाव एवम् समीक्षा अवधिमा पर्यटकीयस्तरको होटल तथा रेष्टुरेन्टको संख्यामा भएको वृद्धि, सेवा तथा सुविधामा भएको सुधारका कारण पर्यटक आगमनमा सुधार हुन सक्ने सम्भावना रहेको छ ।

(ख) पुनर्निर्माणको कामले गति लिन थालेको, नेपालमा सम्पन्न भएको स्थानीय तहको निर्वाचन पश्चात् गठन भएको स्थानीय सरकारले स्थानीयस्तरमा नै सेवा प्रवाह बढाउने तथा बैंक तथा वित्तीय संस्थाहरुबाट घरजग्गामा प्रवाह गरिने कर्जामा गरिएको कडाई तथा विप्रेषण आप्रवाहमा आएको कमीको कारणबाट घर-जग्गा राजस्व, रजिष्ट्रेशनमा नकारात्मक प्रभाव रहने देखिन्छ भने स्थानीय तहबाट घर निर्माणको नक्सा पास अनिवार्य गरिएकोले घर नक्सा पास संख्यामा थप वृद्धि हुने देखिन्छ ।

(ग) हालै देशमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट स्थानीयस्तरमा नै सरकार गठन भएकोले सबै स्थानीय क्षेत्रमा बैंकिङ्ग सेवा विस्तार हुने, नेपाल सरकार र नेपाल राष्ट्र बैंकले वित्तीय पहुँच बढाउन लिएको नीति र वित्तीय साक्षरता अभियानको सकारात्मक प्रभावका कारण बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो शाखा विस्तार गरेका एवम् शाखा रहित बैंकिङ्ग मार्फत पनि दुर्गम तथा ग्रामीण क्षेत्रमा आफ्नो उपस्थिति बढाउँदै लगेको हुँदा नेपालको ग्रामीण क्षेत्रमा वित्तीय पहुँचमा अभिवृद्धि हुने देखिन्छ ।

# परिच्छेद ४

# प्रमुख चुनौतीहरू

## ४.१ कृषि क्षेत्र

- अव्यवस्थित सहरीकरणले गर्दा भू-खण्डीकरण तथा प्राकृतिक प्रकोपले खेतीयोग्य उर्वर भूमि घट्दै जानुका साथै युवाशक्तिको बैदेशिक रोजगारीप्रति बढ्दो मोहका कारण कृषि श्रमिकको न्यून उपलव्धता तथा कृषिमा यान्त्रिकीकरण लगायत प्रविधिमा पहुँच अभाव, संगठित बजार पहुँचमा कठिनाई आदि कारणले श्रमिक प्रधान (Labour Intensive) कृषि प्रणाली यस क्षेत्रको प्रमुख चुनौती रहेको छ ।
- रोजगारी सृजना तथा गरीबी निवारणको लागि प्रभावकारी माध्यमको रुपमा हेरिएको कृषि क्षेत्र श्रमिक प्रधान रहँदै आएकोमा श्रमिकको प्रयोगलाई घटाउँदै लगेर प्रविधिले विस्थापन गर्न सके कृषि श्रमिकको उत्पादकत्व बढाउन सकिने देखिएको छ ।
- मौसमी अनुकुलतामा आधारित नेपालको कृषि क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउन साना तथा मझौला सिँचाइ आयोजनाहरुलाई समयमा नै सम्पन्न गर्न तथा चालु आयोजनाको मर्मत सम्भार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सबै प्रकारका सिँचाइ योजनाहरुमा पर्याप्त बजेटको व्यवस्था गर्नु आवश्यक रहेको छ ।
- कृषि बीमा सम्बन्धी चेतना अभिवृद्धि गरी सबै प्रकारका कृषि तथा पशुपालन क्षेत्रमा वीमाको प्रयोग विस्तार गर्ने कार्य चुनौतिपूर्ण रहेको छ । यसका साथै कृषि उत्पादनहरुको बजारीकरणमा विचौलियाहरुको अस्वस्थ भूमिकालाई व्यवस्थित गर्नु पनि चुनौतीको रुपमा रहेको छ ।
- पशु विकासका लागि यसको व्यवसायिकरणको लागि साना तथा मझौला कृषकहरु पूँजीको पहुँचमा छैनन् । सरकारद्वारा प्रदान गरिने सीमित सरकारी अनुदानमा आधारित कार्यक्रमहरुका भरमा मात्र पशु विकासलाई उल्लेख्य मात्रमा विस्तार गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- कृषि तथा पशु उत्पादनका वस्तुहरु व्यवस्थित बजारको माध्यमबाट उपभोक्ता माझ पुऱ्याउन र त्यस्ता बजारमा कृषकहरुको पहुँच बढाउन व्यवस्थित कृषि तथा पशु बजार निर्माण गर्नु आवश्यक रहेको छ । यसका साथै शीत भण्डारगृहको अभाव तथा उपयुक्त समर्थन मूल्यको अभावले कृषकहरु आफ्नो उत्पादन कम मूल्यमा बेच्न बाध्य हुनु परेकोले कृषिजन्य वस्तुको समर्थन मूल्य समयमै तोक्नुपर्ने आवश्यकता रहेको छ ।
- पर्याप्त उत्पादन नहुँदा खाद्यान्नको बढ्दो आयातलाई प्रतिस्थापन गर्न तथा खाद्य सुरक्षा तथा उचित पोषणको आवश्यकतालाई परिपूर्ति गर्न कृषि क्षेत्रमा प्रविधिको व्यापक प्रयोग बढाउनुका साथै खाद्य उपभोग प्रवृत्तिमा समेत ठाउँ विशेष परिवर्तन गर्नु चुनौतीको रुपमा रहेको छ ।
- निकासीजन्य केही कृषिजन्य उत्पादन तथा जडीबुटीहरु क्वारेन्टाइन लगायत अन्य गैर भन्सारजन्य अवरोधका कारण समयमा निकासी गर्न नसक्नु, उपयुक्त भण्डारगृहको व्यवस्था नहुनु तथा त्यस्ता उत्पादनहरुलाई थप प्रशोधन गरी मूल्य अभिवृद्धि गराई निकासी गर्नु थप चुनौतीको रुपमा रहेको छ ।

## ४.२ उद्योग क्षेत्र

- बैंक वित्तीय संस्थाले उद्योग क्षेत्रमा प्रवाह गरेको कर्जाको व्याजदरमा भएको वृद्धिले औद्योगिक उत्पादन लागत वृद्धि हुँदा प्रतिस्पर्धी क्षमता ह्रास हुने तथा मागमा समेत कमी आउने र बैंक तथा वित्तीय संस्थाहरुमा लगानीयोग्य रकमको अभावले उद्योग संचालन लागत वृद्धि हुनेहुँदा वित्तीय सेवाको मूल्यमा स्थिरता प्रदान गरी औद्योगिक लगानीलाई सुनिश्चित गर्ने कार्य चुनौतीको रुपमा देखिएको छ ।

- औद्योगिक क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढाउन अनुकूल औद्योगिक वातावरणको विकासका माध्यमबाट यस क्षेत्रमा गरिने लगानीको प्रतिफलको सुनिश्चितता गरी निजी क्षेत्रको शीप, पूँजी र प्रविधिलाई उद्योग क्षेत्रमा आकर्षित गर्नु आवश्यक रहेको छ ।
- वैदेशिक रोजगारी विस्तारका कारण उद्योगमा दक्ष जनशक्तिको अभाव बढ्दै गएबाट व्यवहारिक ज्ञान, सिप र तालिम प्रदान गरी उद्योग क्षेत्रको आवश्यकतामा आधारित दक्ष जनशक्ति विकास गरी स्वदेशमै काम गर्न उत्प्रेरित गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- वैदेशिक रोजगारबाट फर्किएका युवाहरुको ज्ञान तथा सीपलाई स्वदेशमा नै उपयोग गर्न उद्यमशीलता विकास गरी उत्पादन वृद्धि गर्ने तथा रोजगारी सृजना गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- कच्चा पदार्थ आयात गरी सञ्चालन हुने उद्योगहरुमा समय समयमा हुने अवरोधको कारण कच्चा पदार्थ आपूर्ति अभाव हुनु, कमसल प्रविधिको प्रयोग, औद्योगिक क्षेत्रमा तोकिएको समयसम्म लोडसेडिङ्ग अझै रहनु, दक्ष श्रमिकको अभाव जस्ता कारणले उद्योगहरु कम क्षमतामै सञ्चालनमा छन् । यसको परिणाम स्वरुप लागत बढ्न गई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा हुन नसक्नु मूख्य समस्यकै रुपमा रहेको छ । यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन तुलनात्मक लाभका वस्तुहरुको पहिचान गरी स्वेदेशी कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापनामा जोड दिई कम लागतमा गुणस्तरीय वस्तु उत्पादन गरी उत्पादित वस्तुहरुलाई स्वदेशी तथा विदेशी बजारमा प्रतिस्पर्धी बनाउने कार्य चुनौतीपूर्ण रहेको छ ।
- उद्योगी व्यवसायीहरुको मनोबल उच्च पार्दै यस क्षेत्रको विस्तार गर्न आवश्यक पूर्वाधार, सुविधा र सेवा सहज बनाइ औद्योगिक उत्पादनलाई लागत प्रभावी बनाउन विशेष आर्थिक क्षेत्रहरु (SEZ) स्थापना तथा कार्यान्वयन एवम् औद्योगिक करिडोरहरुको स्थापना र सञ्चालन गर्नु आवश्यक छ ।

## ४.३ सेवा क्षेत्र

- वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण आप्रवाहको वृद्धिदरमा कमी आउँदै गरेको सन्दर्भ र मुलुक राजनीतिक स्थिरतातर्फ उन्मुख भएबाट वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्यामा थप गिरावट आउन सक्ने हुँदा विदेशी मुद्रा आर्जनको भरपर्दो स्रोतको रुपमा रहेको पर्यटन क्षेत्रको विकास र विस्तार तथा नयाँ पर्यटन गन्तव्यको पहिचान गरी उल्लेख्य रुपमा पर्यटक भित्र्याउनु र पर्यटकको वसाई अवधि लम्बाउने कार्य चुनौतीको रुपमा रहेको छ ।
- प्रदेश र स्थानीय सरकारले आफ्नो क्षेत्रमा नयाँ पर्यटकीय गन्तव्यहरुको खोजी, आन्तरिक एवम् वाह्य पर्यटकहरु आकर्षित गर्न पर्यटकीय महोत्सव तथा प्रचार प्रसार गर्नु आवश्यक छ । यसैगरी, पर्यटकहरुको स्वागत तथा सत्कार एवम् उनीहरुको वसाई सहज बनाउन पर्यटकीय स्थलहरु नजिक सुविधा सम्पन्न होटल तथा रेष्टुरेन्ट स्थापनाका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्नु पनि आवश्यक छ ।
- ग्रामीण क्षेत्र र गरिब जनसमुदायमा वित्तीय सेवाको पहुँच पुऱ्याउन वित्तीय साक्षरता अभियानलाई गाउँ गाउँसम्म पुऱ्याई वित्तीय सेवाको मागमा अभिवृद्धि गर्ने कार्य र बीमा गर्ने बानीको विकासमा जोड दिन आवश्यक छ । पर्याप्त भौतिक पूर्वाधार तथा सुरक्षा एवम् संचारको सुविधा नपुगेका अवस्थामा बैंक तथा वित्तीय संस्थाहरु एवम् तिनका शाखाहरु गाउँ गाउँमा पुऱ्याउने कार्य चुनौतीको रुपमा रहेको छ ।
- नेपालको थोक तथा खुद्रा व्यापार क्षेत्रमा विदेशी वस्तुहरुको प्रतिस्थापन गरी स्वदेशी वस्तुहरुको व्यापारको अंश बढाउनु पनि चुनौती रहेको छ ।
- स्वास्थ्य सेवा र शिक्षालाई परिणाममुखी हुने गरी गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षालाई गरीव, ग्रामीण र दुर्गम क्षेत्रका जनमानसमा पुऱ्याउन आवश्यक छ । शिक्षा, स्वास्थ्य लगायतका आधारभूत सेवा सुविधा

दिने निकायहरु स्थानीय सरकारको मातहतमा रहने हुँदा गुणस्तरीय र सुलभ सेवा प्रवाह भए नभएको अनुगमन गर्ने र यस्ता सेवा प्रभावकारी बनाउने कार्य चुनौतीकै रुपमा  रहेको छ ।

## ४.४ पूर्वाधार क्षेत्र

- संघीय संरचना अनुसार राज्य पुनरसंरचना गरिए अनुरुप देशभरका सबै स्थानीय तहका केन्द्रहरुमा नागरिकको पहुँच सरल बनाउन महत्वपूर्ण रहेको सडक सञ्जाल पुऱ्याउन आवश्यक देखिएको छ । जसका लागि आवश्यक योजना निर्माण गरी छिटो काम सम्पन्न गर्नु आवश्यक छ ।
- कृषि तथा पर्यटकीय महत्वका धेरैजसो स्थानहरु सडक जस्तो आधारभूत पूर्वाधारको अभावमा यी क्षेत्रबाट प्राप्त हुने उत्पादन तथा सेवाहरु महङ्गो पर्न जानेहुँदा यी क्षेत्र व्यवसायिक रुपमा फस्टाउन सकेका छैनन् । तसर्थ, आवश्यक पूर्वाधारको निर्माण तथा सेवा विस्तारमार्फत यस क्षेत्रमा व्यवसायी तथा उद्यमीहरुलाई आकर्षित गर्नु आवश्यक छ । यसैगरी, राष्ट्रिय महत्वका आयोजनाहरु फास्ट-ट्र्याक, मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग एवम् दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्यमा तिव्रता ल्याई देशका आर्थिक महत्वका सबै क्षेत्रमा यातायात सुविधा पुऱ्याउने कार्य चुनौतीपूर्ण रहेको छ ।
- विगत एक वर्ष देखि देशमा उर्जा आपूर्तिमा सुधार आएको भएतापनि उर्जा उत्पादन गर्न सम्बन्धित निकायबाट अनुमति लिई निर्माण कार्य गरिरहेका निर्माण कम्पनीहरुको कार्यक्षमता बढाई तोकिएको समयमा नै आयोजनाहरु सम्पन्न गर्ने कार्यमा सहयोगी हुने नीति नियम बनाउन आवश्यक रहेको छ । यसका साथै आगामी दिनमा सम्पन्न हुने जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युतलाई राष्ट्रिय प्रशारण लाइनमा जोड्न आवश्यक पर्ने ट्रान्समिसन लाइनको निर्माण कार्य समेत समयमा नै सम्पन्न गर्न अन्तरसरकारी निकायहरुको समन्वयको आवश्यकता टड्कारो रुपमा रहेको देखिन्छ ।

***